मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक २०५ ● २०८२ साल जेष्ठ २५ गते आइतबार ● Sunday 08, June 2025 ● सूर्योदयः बिहान ५:११ बजे ● सूर्यास्तः साँझ ६:५७ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## तिलावे खोलामा बेलीब्रिज निर्माण हुने, ३ करोड १७ लाखमा ठेक्का सम्झौता

**मधेशदृष्टि**
**वीरगंज ।**
गत वर्षको भीषण बाढीले क्षतिग्रस्त गण्डक नहरस्थित तिलावे खोलामा स्टिल बेलिब्रिज निर्माण गरिने भएको छ । नारायणी सिँचाइ व्यवस्थापन कार्यालयको प्राविधिक सिफारिसमा सडक विभागले बेलिब्रिज जडानको तयारी थालेको हो ।इन्जिनियर सुरेशप्रसाद साहका अनुसार पुल निर्माणका लागि टेन्डर प्रक्रिया सम्पन्न भइसकेको छ ।मूल्य अभिवृद्धि करसहित ३ करोड ३० लाख रुपैयाँको दररेटमा टेन्डर आह्वान गरिएकोमा मेदान्तर–महम्मद इस्लाम ज्वाइन्ट भेन्चर कम्पनीले ३ करोड १७ लाख रुपैयाँमा ठेक्का लिएको छ । 'अब ठेकेदार कम्पनीले बेलीब्रिज जडानको काम शुरु गर्नेछ,' इन्जिनियर साहले भने, 'त्यसपछि खोलाको दुवै किनारमा तार जालीलगायतका भौतिक संरचना निर्माण हाम्रो कार्यालयले अगाडि बढाउनेछ ।' २०७९ सालको असार महिनामा आएको बाढीले नहरमाथिको आरसीसी पुलको एउटा पिलर पूर्णरूपमा भत्किएको थियो भने अर्को आंशिक क्षतिग्रस्त बनेको थियो । पुलको फ्लोरसमेत भासिएको छ । यो पुल नरह साइफनसँग जोडिएको भएकाले पिल्लरमा क्षति पुगेसँगै संरचनागत जोखिम थपिएको हो । करिब ७० मिटर लामो यो पुल वीरगंज महानगरपालिका र बहुदरमाई नगरपालिकाको सिमानामा अवस्थित छ । पुलमार्फत दैनिक सयौं सवारी आवागमन हुने गरेको छ ।

# मधेश सरकारको 'हेल्लो सिएम' जनतासँग सिधा संवाद गर्ने तयारी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले प्रदेशवासीसँग प्रत्यक्ष संवाद स्थापना गर्ने उद्देश्यसहित 'हेल्लो सिएम' कार्यक्रम ल्याउने घोषणा गरेको छ । आगामी आर्थिक वर्ष २०८२÷८३ को नीति तथा कार्यक्रममार्फत प्रदेश सरकारले यो योजनालाई सार्वजनिक गर्दै जनताको गुनासो, सुझाव र समस्या सिधै मुख्यमन्त्रीसम्म पुर्याउने व्यवस्था गर्ने जनाएको हो । मुख्यमन्त्री सतिश कुमार सिंह नेतृत्वको सरकारद्वारा अघि सारेको यस कार्यक्रमले 'जनताको कुरा मुख्यमन्त्रीसम्म' भन्ने मूल नारालाई व्यवहारमा उतार्ने लक्ष्य लिएको छ । प्रदेश सरकारले जनउत्तरदायी शासन प्रणाली, पारदर्शिता र सुशासन प्रवद्र्धनलाई प्राथमिकता दिँदै नागरिकका आवाज प्रत्यक्ष सुनिने प्रणाली स्थापना गर्न लागेको मुख्यमन्त्री सिंहले बताए । 'हेल्लो सिएम' कार्यक्रमअन्तर्गत नागरिकहरूले टेलिफोन, सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्महरूमार्फत आफ्ना गुनासो, सुझाव र समस्या मुख्यमन्त्री कार्यालयमा सिधै राख्न सक्ने उनले बताए । उनले भने, 'यस कार्यक्रममार्फत सरकार जनताको नजिक पुग्न चाहन्छ ।' मुख्यमन्त्री सिंहले भने, 'यो कार्यक्रमले प्रदेशवासीका भावना, अपेक्षा र गुनासोलाई गम्भीर रूपमा सुन्ने र सम्बोधन गर्ने हाम्रो प्रतिवद्धता दर्शाउँछ । प्रदेश सरकार जनताप्रति जवाफदेही बन्न चाहन्छ, यही कार्यक्रम त्यसतर्फको ठोस पहल हो ।' यस कार्यक्रमअन्तर्गत प्राप्त गुनासोहरूको व्यवस्थित व्यवस्थापनका लागि सूचना प्रविधिमा आधारित विशेष ड्यासबोर्ड वा अनलाइन पोर्टल तयार गरिनेछ । सो ड्यासबोर्डमार्फत गुनासो दर्ता, ट्र्याकिङ र समाधान प्रक्रिया स्वचालित बनाइने प्रदेश सरकारले जनाएको छ । नीति तथा कार्यक्रममा यो प्रणालीको विकासका लागि आवश्यक स्रोतसाधन तथा दक्ष जनशक्ति परिचालन गरिने उल्लेख छ । 'हेल्लो सिएम' कार्यक्रमलाई केवल सूचना संकलनको माध्यममा सीमित नराखी समस्याको तत्काल समाधानतर्फ उन्मुख गरिने योजना पनि सरकारले बनाएको छ । यसमार्फत नीति निर्माण प्रक्रियामा समेत नागरिक सहभागिता बढाउने विश्वास गरिएको छ । यसअघि स्थानीय तहमा देखिएको जनप्रतिनिधि–नागरिक संवादको अपुगतालाई सम्बोधन गर्न प्रदेश सरकारले यो पहल अघि सारेको विश्लेषण गरिएको छ । अब प्रदेशवासीहरूले आफ्ना स्थानीय समस्यादेखि नीति तहका सुझावसम्म प्रत्यक्षरूपमा प्रदेश सरकारको उच्च तहसम्म पुर्याउन पाउनेछन् । मधेश प्रदेश सरकारले 'हेल्लो सिएम' कार्यक्रमलाई पारदर्शी, समावेशी र दिगो शासनको आधारस्तम्भका रूपमा विकास गर्ने प्रतिबद्धता जनाएको छ ।

# रामदेव–बालकृष्णमाथि भारतमा मुद्दाको थुप्रो, नेपालमा उन्मुक्ति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भारतमा कर छली, उपभोक्ता ठगी, भ्रमपूर्ण विज्ञापन तथा साम्प्रदायिक अभिव्यक्तिका कारण विवादमा तानिएका योगगुरु रामदेव र उनका सहयोगी आचार्य बालकृष्ण नेपालमा भने कानुनी छानबिनको कठघराबाट सजिलै उन्मुक्त भएका छन् । सरकारी जग्गा अपचलन प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पतञ्जली योगपीठ कम्पनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गर्दा भारतीय सञ्चालकहरूलाई भने कारबाहीको दायराबाट बाहिर राखिएको छ । पतञ्जली योगपीठ आयुर्वेद कम्पनीले नेपालमा हदबन्दीभन्दा बढी सरकारी जग्गा खरिद गरेको अभियोगमा ९३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।तर, कम्पनीका मुख्य सञ्चालक योगगुरु रामदेव, आचार्य बालकृष्ण, राजेन्द्र दास र राजेन्द्र सिंहलाई अख्तियारले प्रमाणको अभाव देखाउँदै मुद्दामा समावेश गरेको छैन । नेपालमा पतञ्जलीको नाममा दर्ता गरिएका पाँच जना सञ्चालकमध्ये एक मात्र नेपाली नागरिक शालिग्राम सिंहमाथि मात्रै मुद्दा दायर गरिएको छ । अख्तियारले आरोपपत्रमा उल्लेख गरेअनुसार रामदेवको नाम र प्रतिष्ठा प्रयोग गरी सिंहले एकलरूपमा जग्गा अपचलनमा संलग्न रहेको दाबी गरिएको छ । विवादास्पद जग्गा खरिदबिक्री प्रकरणको शुरूवात २०६४ सालमा भएको थियो । पतञ्जली योगपीठले आयुर्वेद अनुसन्धान तथा उद्योग सञ्चालन गर्ने उद्देश्यसहित हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न सरकारसँग अनुमति मागेको थियो । तत्कालीन सरकारमा प्रधानमन्त्री माधवकुमार नेपाल, पूर्व मन्त्रीहरू छविराज पन्त, प्रेमबहादुर सिंह, डम्बर श्रेष्ठलगायतकाले २०६६ सालमा अनुमति दिएका थिए । तर, केही महिनामै ती जग्गाहरू सट्टापट्टा र बिक्रीवितरणमा प्रयोग भएको अख्तियारको दाबी छ । कुल ५५४ रोपनी जग्गाको अनियमिततासम्बन्धी मुद्दामा अधिकांश प्रतिवादीहरूविरुद्ध जनही १८ करोड रुपैयाँभन्दा बढी बिगो र सजाय माग गरिएको छ । यसमा शालिग्राम सिंहसहित ९३ जनालाई प्रतिवादी बनाइएको छ । तर, कम्पनीका प्रमुख भारतीय सञ्चालकहरू भने कारबाहीको पहुँचबाट बाहिर छन् । त्यसको विपरीत भारतमा भने योगगुरु रामदेव र बालकृष्ण विभिन्न कानुनी प्रक्रियामा फसेका छन् । केरलाको अदालतमा मात्रै पतञ्जली समूहसँग सम्बन्धित २६ वटा मुद्दा दर्ता छन् । त्यसमध्ये केहीमा पक्राउ आदेश समेत जारी भइसकेको छ । दिव्या फार्मेसीमार्फत 'आधुनिक औषधि लोप पार्ने' दाबी गर्दै गरिएको भ्रमपूर्ण विज्ञापनका कारण सर्वोच्च अदालतले त्यस्ता विज्ञापन तुरुन्त बन्द गर्न आदेश दिएको छ । त्यस्तै, भारतको वस्तु तथा सेवा कर विभागले पतञ्जली फुड्सलाई कर छलीका लागि २७ करोड भारतीय रुपैयाँ जरिवाना गरिसकेको छ । करिब १.८६ अर्ब रूपैयाँ करसम्बन्धी अर्को मुद्दामा भने पतञ्जलीले बम्बई उच्च अदालतबाट केही राहत पाएको छ । साथै, रामदेवले मुस्लिम समुदायविरुद्ध दिएका विवादास्पद अभिव्यक्तिहरूका कारण राजस्थान र दिल्ली उच्च अदालतमा पनि मुद्दा खेपिरहेका छन् । 'रुह अफ्जा' नामक पेय पदार्थबारे दिएको टिप्पणीका कारण अदालतले भिडियो हटाउन आदेश दिएको थियो । नेपालमा भने अख्तियारले ठोस प्रमाणको अभाव देखाउँदै रामदेव र बालकृष्णलाई अभियोग मुक्त गरेपछि आलोचना बढ्दो छ । राजनीतिक पहुँच र लोकप्रिय छविको आडमा उनीहरूलाई कानुनी संरक्षण दिइएको भन्दै नागरिक समाज र कानुन व्यवसायीहरूले आपत्ति जनाएका छन् । कानुनी समानता र पारदर्शितामाथि प्रश्न उठ्ने गरी विवादास्पद भारतीय नागरिकहरूलाई मुद्दा बाहिर राखिएकोप्रति चिन्ता व्यक्त गरिएको छ । अख्तियारले ठोस प्रमाण नभएको तर्क गरे पनि पतञ्जलीको नाम, लगानी संरचना र व्यावसायिक स्वामित्वको वास्तविकता हेर्दा रामदेव र बालकृष्णको भूमिकालाई नजरअन्दाज गर्नु गम्भीर चूक भएको टिप्पणीहरू भइरहेका छन् । राजनीतिक प्रभावका कारण भ्रष्टाचार मुद्दामा प्रमुख निर्णयकर्ताहरू कारबाहीबाट जोगिने क्रम फेरि दोहोरिएको भन्दै कानुनी वृत्तमा आलोचना भइरहेको छ । नेपालमा निष्पक्ष र निडर छानबिनप्रति शंका उत्पन्न गराउने गरी गरिएको यस्तो निर्णयले अख्तियारको निष्पक्षतामाथि समेत प्रश्न उठाएको छ ।

## मन्त्री यादवद्वारा मुस्लिम समुदायसँग शुभकामना आदान–प्रदान

**मधेशदृष्टि**
**वीरगंज ।**
संघीय सरकारका खानेपानी मन्त्री प्रदीप यादवले मुस्लिम समुदायको दोस्रो ठूलो पर्व इद–उल–अजहा (बकर इद) को अवसरमा वीरगंजमा मुस्लिम धर्मावलम्बीहरूसँग शुभकामना आदान–प्रदान गरेका छन् । शनिबार बिहान वीरगंज पुगेका मन्त्री यादवले स्थानीय मस्जिद र इदगाह क्षेत्रहरूमा पुगेर मुस्लिम समुदायलाई पर्वको शुभकामना व्यक्त गरेका थिए । उनले मुस्लिम समुदायको मौलिक परम्परा, धार्मिक सहिष्णुता र सामाजिक सद्भावप्रति सम्मान प्रकट गर्दै सामाजिक एकता र भाइचारा अझ सुदृढ होस् भन्ने शुभेच्छा व्यक्त गरे । मस्जिद तथा इदगाहमा मन्त्री यादवको उपस्थिति मुस्लिम समुदायले सरकारको सकारात्मक सहभागिता र सम्मानको रूपमा लिएको बताए । उपस्थित मुस्लिम अगुवा तथा स्थानीयवासीहरूले मन्त्रीको उपस्थितिलाई सद्भावपूर्ण सम्बन्ध अभिवृद्धि गर्ने कदमका रूपमा स्वागत गरेका थिए । मन्त्री यादवले धार्मिक तथा सांस्कृतिक विविधता नेपालको विशेषता रहेको उल्लेख गर्दै सबै समुदायबीचको ऐक्यबद्धताले मुलुकलाई समृद्धितर्फ अघि बढाउने विश्वास व्यक्त गरे ।

## वीरगंजमा ट्राफिक सप्ताहअन्तर्गत सडक सुरक्षा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज**
जिल्ला प्रहरी कार्यालय पर्सा र जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साको संयुक्त आयोजनामा सञ्चालित ट्राफिक सप्ताह २०८२ अन्तर्गत तेस्रो दिन वीरगंजमा सडक सुरक्षा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका छन् । कार्यक्रमको क्रममा वीरगंजको बसपार्कस्थित अस्थायी ट्राफिक प्रहरी पोष्टमा 'साप्ताहिक जेब्रा क्रसिङ, बाटो र सडक पेटी' नामक अभियान सञ्चालन गरिएको थियो । सो अवसरमा ट्राफिक सचेतनामूलक पर्चा र पम्पलेट वितरण गरिनुका साथै सर्वसाधारणलाई जेब्रा क्रसिङ प्रयोगबारे जानकारी दिइएको थियो । त्यस्तै, मिलन चोकमा गुननिधि खकुरेलको नेतृत्वमा सचेतनामूलक गतिविधिहरू सञ्चालन गर्दै सडक सुरक्षाको महत्त्वबारे जनचेतना फैलाइएको थियो । सडक सुरक्षा अभियानको नेतृत्व प्रहरी निरीक्षक लोकराज भट्टले गरेका थिए । गण्डक ट्राफिक पोस्ट, बसपार्क ट्राफिक पोस्टलगायत क्षेत्रहरूमा सवारी चालक तथा यात्रुहरूलाई ट्राफिक नियम सम्बन्धी जानकारी दिइनुका साथै ट्राफिक स्टिकर टाँस्ने तथा व्यवहारिक तालिमसमेत प्रदान गरिएको थियो । प्रहरी निरीक्षक भट्टका अनुसार ट्राफिक सप्ताहको अवसरमा वीरगंजका अन्य क्षेत्रहरूमा पनि यस्ता कार्यक्रमहरू विस्तार गरिनेछ । उनले नागरिकको सक्रिय सहभागिता र सहकार्यबाट मात्र सुरक्षित, अनुशासित र जिम्मेवार यातायात प्रणाली निर्माण गर्न सकिने बताए । ट्राफिक सप्ताहलाई अवसरको रूपमा लिएर जनमानसमा दीर्घकालीन ट्राफिक सचेतना फैलाउने उद्देश्यसहित कार्यक्रमहरू सञ्चालन गरिँदै आएको प्रहरी प्रशासनले जनाएको छ ।

## धनुषाधाम संरक्षित वनको संरक्षणमा मन्त्री यादवको जोड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका वन तथा वातावरण मन्त्री संजय यादवले धनुषाधाम संरक्षित वन क्षेत्रको अवलोकन गरेका छन् । धार्मिक, ऐतिहासिक र पर्यटकीय महत्व बोकेको उक्त वन क्षेत्रको संरक्षण र विकासमा प्रदेश सरकारले गम्भीर चासो र प्रतिबद्धता जनाएको छ । मन्त्री यादवसँगै प्रदेश वन निर्देशनालयका निर्देशक जगन्नाथ प्रसाद जयसवाल, धनुषाका डिभिजनल वन अधिकृत विनोद सिंह, सब–डिभिजन प्रमुख शंकरनारायण झासहितको टोलीले संरक्षित वन क्षेत्र, निर्माणाधीन रामायण बाटिका, श्मशान घाट लगायतका स्थानहरूको निरीक्षण गरेको थियो । अवलोकनपश्चात् मन्त्री यादवले धनुषाधामलाई धार्मिक र पर्यटकीय केन्द्रको रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको बताए । 'यहाँ पर्यटन प्रवद्र्धनका धेरै सम्भावना छन्,' उनले भने, 'संरक्षण र पूर्वाधार विस्तारमा मन्त्रालयबाट आवश्यक सहयोग गरिनेछ ।' अवलोकनमा धनुषाधाम वन संरक्षण परिषदका पदाधिकारी, अन्य वन अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो । अवलोकनका क्रममा मन्त्री यादवसहित टोलीले श्मशान घाटको प्रवेशद्वार नजिक वर र पिपलका बिरुवा पनि रोपका थिए । वन तथा वातावरण मन्त्रालयका अनुसार धनुषाधाम संरक्षित वन क्षेत्रको दीगो संरक्षण, धार्मिक तथा ऐतिहासिक स्थानहरूको पुनर्जीवन र हरियाली विकासमा आगामी दिनमा योजनाबद्ध पहल गरिनेछ ।

## वीरगंजमा शङ्खधर साख्वाको नाममा हराभरा पार्क, मन्त्री र मेयरले गरे संयुक्त उद्घाटन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–३ स्थित हरि खेतान क्याम्पसअगाडि निर्माण गरिएको 'शङ्खधर साख्वा पार्क' को औपचारिक उद्घाटन सम्पन्न भएको छ । नेपाल संवतका प्रवर्तक तथा राष्ट्रिय विभूति शङ्खधर साख्वाको नाममा निर्मित यो पार्क वीरगंजको हरियाली विस्तार तथा सार्वजनिक मनोरञ्जनको महत्वपूर्ण थलो बन्ने विश्वास गरिएको छ । शङ्खधर साख्वा स्मृति प्रतिष्ठानद्वारा आयोजित उद्घाटन कार्यक्रममा संघीय सरकारका खानेपानी मन्त्री प्रदीप यादव तथा वीरगंज महानगरका मेयर राजेशमान सिंहको विशेष उपस्थिति रह्यो । कार्यक्रममा बोल्दै मेयर सिंहले वीरगंजलाई सुन्दर, स्वच्छ र हराभरा बनाउने महानगरको अभियानअन्तर्गत शङ्खधर साख्वा पार्क एउटा महत्वपूर्ण उपलब्धि रहेको बताए । यसले परिवार, बालबालिका र युवाहरूका लागि रमाइलो गन्तव्यको रूपमा भूमिका खेल्ने विश्वास व्यक्त गरे । त्यस्तै, मन्त्री यादवले शङ्खधर साख्वाधरको योगदानको स्मरण गर्दै भने, 'ऋणमुक्ति र समानताको प्रतीक शङ्खधर साख्वाको स्मृतिमा निर्मित यो पार्क वीरगंजवासीका लागि मात्र नभई राष्ट्रिय स्वाभिमानको प्रतीक स्थल पनि बन्नेछ ।' उनले सार्वजनिक स्थल विस्तार र हरियाली विकासमा संघीय सरकारको निरन्तर सहयोग रहने प्रतिबद्धता जनाए ।
समारोहमा सांस्कृतिक प्रस्तुति, वृक्षारोपण र शालीन वातावरणबीचको समर्पण देखिएको थियो । पार्कमा बालउद्यान, विश्राम स्थल, हरियाली क्षेत्र र शङ्खधर साख्वाको मूर्ति समेत स्थापना गरिएको छ । वि.सं. ९३६ (ई.सं. ८७९) मा काठमाडौं उपत्यकाका जनताको ऋण तिरेर 'नेपाल संवत'को प्रारम्भ गर्ने शङ्खधर साख्वालाई सरकारले वि.सं. २०५६ साल मंसिर ३ गते राष्ट्रिय विभूति घोषणा गरेको थियो । उनी सामाजिक न्याय, समता र जनकल्याणको प्रेरणादायी व्यक्तित्वका रूपमा स्मरण गरिन्छन् ।

सम्पादकीय

# नाराभन्दा पनि कार्यान्वयन हुनुपर्छ

*मधेश सरकारले आर्थिक वर्ष २०८२।०८३ सालको आफनो निति कार्यक्रम सार्वजनिक गरेको छ । यो एउटा प्रक्रिया रहेपनि सरकारको एउटा रोडम्याप भने तयार गर्ने गरेको छ ।तरयस पटक सरकारले ल्याएको निति कार्यक्रममा बढि नारा अर्थात एनजिओ मुखि देखिएको छ। निति कार्यक्रमलाई नै टेकेर सरकारले आफनो बजेट समेत ल्याउने गरेका छन । तर बजेट अनुसारले भने निति कार्यक्रम आएको हुनु पर्छ अर्थात निति कार्यक्रमलाई टेकेर सरकारले आफनो बजेटहरुको निर्माण गर्छ तर जसरी नाराहरु बढि दिइएको छ त्यस अनुसारले बजेट आएन भने सरकारको आचालोना हुने छन । सरकार कुनैपनि कार्यक्रमहरुलाई सतही भन्दा पनि यर्थातमा निर्माण गरेर जानुपर्ने हुन्छ । लोकलाई रिझाउनको लागि मात्रै निति कार्यक्रम बनाउने पछि त्यस अनुसारले बजेट नल्याउने विगतको समेत परिपाटी देखिएको छ। त्यसले झनै सरकारको अलोप्रियता बनाउने गरेको छ । नेपालकै जनघनत्वमा सबैभन्दा घना र सांस्कृतिकरूपमा बहुलतावादी क्षेत्र हो ।नपालको विधिता पुर्ण व्यवस्था भएको कारणले गर्दा समेत समस्याहरु समेत विधिता पुर्ण रुपमा नै रहेको छ । खास गरेर नेपाल बहुभाषिक मुलुक भएको कारणले यसको समस्याहरु बहुआयमिक रुपमा रहेको छ। त्यसकारणले गर्दा सरकारले ती क्षेत्रहरुलाई आफनो निति कार्यक्रमहरुमा समेटनुपर्ने आवश्यकता रहेको छ। त्यो समेटीएको खण्डमा मात्रै निति कार्यक्रमले सार्थकता पाउने आशा रहेको छ। यहाँका समस्याहरू ऐतिहासिक, सामाजिक, राजनीतिक, आर्थिक र प्रशासनिक तहमा व्यापक छन्।समाजमा विधिता रहेको कारणले गर्दा यसलाई विविधता र समाजिक न्यायसंग समेट जोडिने गरिएको छ। शिक्षा र सीप अभावका कारण ठूलो संख्यामा युवा वैदेशिक रोजगारीमा जान बाध्य रहेका छन । खास गरेर युवाहरु अहिलेपनि रोजगारीको लागि बाहिर जाने गरेका छन। उनिहरुको रेमिटयान्सले देश चल्ने गरेको समेत एक थपिको तर्क रहेको छ। कृषिमा आधारित अर्थतन्त्र भए पनि आधुनिकिकरण नभएकाले आम्दानी न्यून रहेको छ। खास गरेर कृषि क्षेत्रको उत्थानको लागि सरकारले आफनो योजनाहरु बनाउनुपर्ने हो तर अहिले सम्म केवल अनुदानुमखि र अव्यवहारिक रुपमा कृषिको प्रणालीहरु संचालनमा रहेका छन। त्यसले समेत समस्याहरु नित्याउने गरेका छन । कृषि क्षेत्रको सबलीकरणको लागि सरकारी स्तरबाट योजनाहरु अहिलेसम्म समेत संचालन नभएको अवस्था रहेको छ। त्यसले समेत कतै न तकै समस्याहरु ल्याउने गरेका छन। खास गरेर कृषिलाई मर्यादित पेशाको रुपमा समेत नबनाइएको कारणले गर्दा समेत समस्याहरु देखा परेको छ । अहिलेपनि कृषि क्षेत्रमा समस्याहरु जस्ताको त्यस्तै देखिएको छ । मधेशमा औद्योगिकीकरणको कमी रहेको छ। जसकारणले समेत युवाहरु रोजगारी पाउन सकेको छैन । यसले कतै न कतै युवाहरुलाई समस्या सृजना गरेको छ। त्यसकारणले यस तर्फ समेत सरकारको ध्यान जानुपर्ने आवश्यकता रहेको छ। निर्वाचनको समयमा रहेक राजनितिक दलहरुले बेरोजगारीलाई आफनो एजेण्डा बनाउने गरेका छन। तर सो अनुसारले भने कहिलेपनि निति बनेको पाईदैन यसले समेत समस्याहरु देखा पर्ने गरेको छ। मधेश प्रदेशमा सबै भनदा बढि समस्या शिक्षाको रहेको छ । सरकारी विद्यालयहरूको शैक्षिक गुणस्तर कमजोर रहेको छ। कतिपय ठाउहरुमा भौतिक पुर्वाधारको समेत आभाव रहेको छ ती आभावको बिचमा विद्यालयहरु संचालन भईरहेका छन। यस्तो अवस्थामा सरकारको ध्यान शिक्षा सुधारमा जानुपर्ने आवश्यकता रहेको छ। त्यो भएको खण्डमा मात्रै शिक्षामा देखिएको समस्याहरु हटने छन । यस तर्फ सरकारले आफनो ध्यान पुर्याउनुपर्ने आवश्यकता रहेको छ । प्राविधिक र व्यवसायिक शिक्षाको पहुँच सीमित समेत कमि रहेको छ त्यसले समेत समस्या नित्याउने गरेका छन । अहिलेको समयमा सरकारले शिक्षामा जोड दिनुपर्ने आवश्यकता रहेको छ। मधेशको समस्या थोरबहुत निति कार्यक्रममा सम्बोधन गरिएपनि प्रचार मुखि भने बढि देखिएको छ।*

# संविधान संशोधन गर्नुअघि राजनीतिक नेतृत्व सुध्रिनुपर्छः पूर्वमन्त्री किराती



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता एवं पूर्वमन्त्री सुदन किरातीले तीव्र आर्थिक विकासका माध्यमबाट जनताको अवस्था परिवर्तन गर्न शासकीय भूमिकामा रहेका राजनीतक दल र तिनका नेताले आफ्नो कार्यशैली सुधार गर्नुपर्नेमा जोड दिएका छन । उन राजनीतिक नेतृत्वको कार्यशैली सुधार नहुने हो भने जुनसुकै व्यवस्था भए पनि जनआस्थामा तात्विक परिवर्तन नआउने बताउछन ।

*प्रतिनिधिसभा सदस्य किरातीले भने, ‘यही व्यवस्थामा पनि धेरै सुधार गर्न सकिन्छ । मैले बारम्बार भन्ने गरेको छु– संविधान संशोधन होइन, पहिला हाम्रो ‘दिमाग’ संशोधन गरौँ । त्यसपछि मात्रै संविधान संशोधनतर्फ लागौँ । जुनसुकै शासनव्यवस्था भए पनि अन्ततः हाम्रो कार्यशैली नसुध्रिने हो भने त्यसले तात्विक भिन्नता दिँदैन । पहिला हामी सुध्रिनुपर्छ ।’*

*नेता किराती प्रतिनिधिसभा निर्वाचन, २०७९ मा भोजपुर निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको हो । यसअघि २०७४ सालमा पनि सांसद बन्नुभएका उनि पहिलो संविधानसभा निर्वाचन २०६४ मा भोजपुर निर्वाचन क्षेत्र २ बाट निर्वाचित भएका थिए । विसं २०४५ देखि विद्यार्थी राजनीतिमा होमिएका उनि तत्कालीन नेकपा (माओवादी)ले सञ्चालन गरेको जनयुद्धमा सहभागी हुँदा २३ महिना जेल परेका थियो । पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री किरातीसँग राष्ट्रिय समाचार समिति (रासस)का उपसम्पादक कुम्भराज राई र समाचारदाता अशोक घिमिरेले गरेका कुराकानीको सम्पादित अंशः*

**तपाईंलाई भोजपुरका जनताले पटकपटक निर्वाचनका माध्यमबाट अनुमोदित गरिरहनुभएको छ । पछिल्लो डेढ दशकको अवधिमा जनताको अपेक्षा पक्कै पनि परिवर्तन भइरहेका होलान्, जनताको अपेक्षा केकस्ता पाउनुभएको छ ?**

समयसँगै अपेक्षाहरु पनि परिवर्तन हुँदोरहेछ । प्रविधिले खुला संसार बनाइसकेपछि अपेक्षाहरु धेरै नै छ । साँच्चै भन्नुपर्छ, जनताको अपेक्षाअनुसार काम गर्न सकिएको छैन । समयअनुसार काम त गरिराखिएको छ, तर यो दुनियाँलाई हेरेर र भोगेर अनुभवसहित नागरिक आफ्नो देश फर्केका छन् । त्यो अपेक्षालाई चाहिँ पूरा गर्न सकिएको छैन । आवश्यकता र बाध्यताभन्दा पनि धेरै अपेक्षा छ ।

**डेढ दशकअघि र अहिलेको अपेक्षामा के अन्तर छ ?**

एउटा गाउँपालिकामा चार–पाँच हजारसम्म सडक खनिएका अवस्था छ । ती सबै कालोपत्र होस् भन्ने जनताको अपेक्षा हुने नै भयो । गाउँमा दुई–तीन घण्टा हिँडेपछि मात्रै घर भेटिन्छन् । त्यहाँ सय–डेढ सय खम्बा गाडेर बिजुली लैजानुपर्नेछ । सडक, विद्युत्लगायत अपेक्षा पूरा गर्न हरसम्भव कोसिस भइरहेकै छ । तर अपेक्षा उच्च छ, त्यो देशको अहिलेको सामथ्र्यले पूरा गर्न सक्दैन । देशमा योजनाबद्ध विकासको लय छैन । नेपाली सापेक्षतामा पनि छैन । धेरै कुराहरु विकासको यो अन्तरविरोधभित्र जेलिएको छ ।

**पछिल्लो समय विकास गाउँतर्फ लम्कँदै छ । तर मान्छे गाउँ बस्न छाडे । तपाईंले समाजको अन्तरविरोधका बारेमा गहिरोसँग अध्ययन गर्नुभएको छ । किन यसो भइरहेको छ ?**

यो खुला विश्व हो । संसारभर पुगेर नेपालीले काम गर्नसक्ने वातावरण बनेको छ । वैदेशिक यात्रा रोकेर रोकिँदैन । सुविधाको खोजीमा बसाइँ सर्दै जाने मनोविज्ञानले पनि काम गरेको छ । अहिले भइरहेको पूर्वाधार चार दशकअघि गाउँमा पुगेको भए गाउँबाट यति धेरै मान्छे बसाइँ जाँदैनथे । किन भने त्यो बेला विदेश जाने चलन नै थिएन । स्वाभाविक रुपमा मान्छे उत्पादन र व्यवसायमा लाग्थ्यो । त्यो जरा उखालेर हिँड्न समय लाग्थ्यो । कतिपय मान्छे आफ्नो खुट्टामा उभिइसकेका हुन्थे । अहिले गाउँमा सडक पूर्वाधारलगायत सेवा सुविधा लैजाँदा बसाइँ सर्नु र विदेश जानुका निम्ति सजिलो जस्तो मात्रै भइरहेको छ । अनियन्त्रित बसाइँसराइ रोक्नुको निम्ति गुणस्तरीय शिक्षा र स्वास्थ्य, रोजगारी सिर्जना, स्थानीय उत्पादनको बजारीकरणका लागि बजार निर्माण गर्ने बाटोमा अघि बढ्यौँ भने बसाइँसराइँ रोक्न सक्छौँ । अन्यथा यो रोकिने स्थिति देखिँदैन । सुशासन, आर्थिक समृद्धि, सामाजिक न्याय, सन्तुलित विकासमार्फत जनअपेक्षा पूरा गर्ने जिम्मेवारी त आखिर राजनीतिज्ञ र दलहरुको नै होइन र ? जनतामा केही हदसम्मको असन्तुष्टि देखिएको छ । त्यही असन्तुष्टिलाई देखाएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामाथि नै प्रश्न उठाउन थालिएको छ नी ? जनप्रतिनिधिका रुपमा तर्पाईले कस्तो महसुस गरिरहनुभएको छ ?

गणतान्त्रिक व्यवस्थाको डेढ दशकको दौरानमा केही व्यक्तिमा व्यवस्थाप्रति भन्दा पनि व्यवस्था सञ्चालन गर्ने व्यक्तिको प्रवृत्तिका कारण सिर्जना भएको वितृष्णा जस्तो लाग्छ । धमिलो पानीमा माछा मार्नेले व्यवस्थामाथि प्रहार गरेर सडकमा विषवमन गरिरहेका छन् । त्यो चाहिँ व्यवस्थाविरुद्ध भन्दा पनि हाम्रो चरित्र माथि नै प्रश्न उठाएको जस्तो लाग्छ । एउटा हाम्रो चरित्रका कारण त्यो प्रश्न उठ्यो, अर्को खुला विश्वमा विश्वको विकसित देशसँग तुलना गरेर आफ्नो चित्त नबुझेर केही वितृष्णा देखिएको जस्तो लाग्छ ।

**नागरिकलाई कसरी विश्वस्त बनाउने त ?**

अहिलेको एक मात्र अचुक औषधि भनेको दलहरु र दललाई सञ्चालन गर्ने नेताहरु, हामी कार्यकर्ताहरु सुध्रिनुको अर्को विकल्पै छैन । राजनीतिक नेतृत्वमा इमान्दारिताको खडेरी देखिँदा पनि कहीँनकहीँ प्रश्न उठिरहेको छ ।

करिब एक वर्षअघि संविधान संशोधन गर्ने मुख्य एजेण्डासहित नेपाली कांग्रेस र नेकपा (एमाले)ले सत्ता गठबन्धन निर्माण गरेको थिए । भलै अहिले संविधान संशोधन विषय ओझेलमा परेको छ । संविधान संशोधनमार्फत जनतामा देखिएको असन्तुष्टि सम्बोधन गर्न सकिन्छ ?

एकैचोटी सबै कुरा सम्बोधन गर्न खोजियो भने त्यो ‘पाण्डुरा बक्स’ खोलेजस्तो हुनसक्छ । तर संविधान संशोधन गर्दा अग्रगमनको निम्ति राजनीतिक सहमतिद्वारा जनताको गुनासालाई सम्बोधन गर्न सकिन्छ । हामीले हाम्रो चरित्र सुधारेनौँ भने संविधान संशोधन गरेर मात्रै हुँदैन । अहिलेकै व्यवस्था पनि त्यति खराब जस्तो मलाई लाग्दैन । यही व्यवस्थामा पनि धेरै सुधार गर्न सकिन्छ । मैले बारम्बार भन्दै आएको छु– संविधान संशोधन होइन, पहिला हाम्रो ‘दिमाग’ संशोधन गरौँ । त्यसपछि मात्रै संविधान संशोधनतर्फ लागौँ । जुनै व्यवस्था लिए पनि अन्ततः हाम्रो चरित्र नसुध्रिने हो भने त्यसले तात्विक भिन्नता दिँदैन । पहिला हामी सुध्रिनुपर्छ । अग्रगमन र नागरिकलाई अधिकार सम्पन्न बनाउनका निम्ति संविधान संशोधन गर्न सकिन्छ ।

**पछिल्लो आमनिर्वाचनबाट गठन भएको संसद् अहिले कताकता रुमलिइरहेको छ । अहिले तपाईं सांसदका रुपमा क्रियाशील रहँदा आफ्नो भूमिकाप्रति कति सन्तुष्ट हुनुहुन्छ ?**

संविधानसभाबाट जारी भएको नेपालको संविधानले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई ‘ओदान’को तीन खुट्टा झैं मानेको छ । व्यवस्थापिका भनेको बाटो बनाउने, कार्यपालिका भनेको त्यो बाटोमा गाडी कुदाउने र न्यायपालिका भनेको ट्राफिकको काम गर्ने हो । तर बिडम्बना हाम्रोमा तीनै अङ्गले प्रभावकारी काम गर्न सकेका छैनन् । वास्तवमा भन्नुपर्दा म सन्तुष्ट छैन । संसद् ताली बजाउने थलो जस्तो मात्रै भएको छ । जनताले पनि सांसद नीति निर्माण गर्न गएको होइन, उसले विकास गर्नुपर्छ भनेर अपेक्षा राखिदिने, कसरी कानुन बन्छ भन्ने कुरा नबुझिदिने, कानुन निर्माण गर्दा हाम्रो पक्षमा, हाम्रा प्रतिनिधिले वकालत गरोस् भन्नेतर्फ जनताले नबुझिदिने परिबन्धभित्र हामी सांसद छौँ । सबैभन्दा बढी पीडा छ भने त्यो सांसदहरुलाई नै छ ।

**तपाईं निर्वाचित भएर आउनुभएको पनि साढे दुई वर्ष पुग्यो । २०७२ सालमा संविधान जारी भयो, तर संविधान कार्यान्वयनसँग जोडिएका विद्यालय शिक्षा, सङ्घीय निजामती र प्रहरीसम्बन्धी विधेयक अझै बन्न सकेका छैनन् । यी महत्वपूर्ण कानुन नबन्नुमा कहाँनेर कमजोरी भइरहेको छ ?**

यसमा दलीय स्वार्थ र चिन्तन नै हाबी छ । जस्तो विद्यालय शिक्षासँग सम्बन्धित ऐन किन फेर्न सक्दैनौँ त ? भन्दा हिजो निःशुल्क शिक्षाको कुरा उठाएको हो । तर हामी यसरी बिग्रेर गयौँ कि अधिकांश नेता र प्रभावशाली कार्यकर्ताले निजी शिक्षामा लगानी गरेका छन् । त्यसको प्रभाव दलमा परेको छ । देश र जनतालाई केन्द्रमा राखेर त्यसको हितका निम्ति बल गर्ने भन्दा पनि हामीले आज ल्याउने ऐनले हाम्रा नेता र कार्यकर्ताले गरेको लगानी के हुन्छ ? हाम्रो पार्टी र भोट कतातर्फ जान्छ भन्ने चिन्तनले नै आज शिक्षाजस्तो महत्वपूर्ण विधेयक बनाउन सकिरहेका छैनौँ । शिक्षा, स्वास्थ्य, निजामती, प्रहरी, प्रदेश समन्वयसम्बन्धी ऐन अझै बनाउन सकिरहेका छैनौँ । हामीलाई अधिकार दिन गाह्रो लाग्छ, किनभने हामी दिनेभन्दा पनि लिने संस्कृतिबाट ग्रसित छौँ ।

**यो संस्कृति कहिले बदलिन्छ ? कसले बदल्ने ?**

आज हामीले मानेको ‘आइकन’ले चालेको कदम नै भोलि संस्कृति बन्दोरहेछ । आज हामीले गरेको काम नै भोलिको संस्कृति हो । तर आज हामीले त्यो संस्कृति कसरी निर्माण गर्ने भन्नेतिर त्यति धेरै चिन्ता छैन । आजको दिन कसरी राम्रो हुने, अहिलेको अवस्थामा म कसरी सुरक्षित हुने भन्ने मात्रै होडबाजी छ । मैले आज चालेको कदमले अबको २० वर्ष पछि त्यसले के प्रभाव दिन्छ भन्ने हेक्का नराखेजस्तो छ । के हामीले नबुझेरै होला त ? बुझेर पनि हामीले गर्न सकेको छैनौँ । त्यो संस्कृति तोड्नका लागि ठूलो आँट र जोखिम मोल्नुपर्नेछ । त्यसो गर्न सकेनौँ भने यस्तै रहिरहनेछ ।

**मुलुकमा राजनीतिक परिवर्तन ल्याउनका लागि एकभएर लडेका दलहरुबीच पछिल्लो समय स–साना विषयले दूरी बढाउँदै छन् । मुलुकलाई पछाडि फर्काउने चाहने शक्तिहरुले त्यही ‘स्पेस’मा खेल्न खोजिरहेको देखिन्छ ? दलहरुको गतिविधिले नै त्यसलाई प्रेरित गरेको जस्तो लाग्दैन ?**

संविधान निर्माणसँगै दलहरुका बीचमा समीक्षा हुनुपथ्र्यो । अथवा संविधान निर्माणअघि नै हामीले त्यो ‘बटमलाइन’ बनाउनुपथ्र्यो । हामी त्यहीँदेखि नै चुक्दै आयौं । नेपाली राजनीतिमा पछिल्लो १८ वर्षमा तीन वटा घुम्तीमा हामी चुक्यौँ । पहिलो, दलहरु मिलेर मात्रै निरङ्कुश राजतन्त्रलाई परास्त गरेका हामीले संविधान निर्माणपश्चात् गणतन्त्रलाई जवानी बनाइन्जेलसम्मका लागि सहकार्यमै आर्थिक विकास गरौँ । आर्थिक विकासको एजेण्डा तथा शिक्षा, स्वास्थ्य, रोजगार र भ्रष्टाचार नियन्त्रणमा हाम्रो बटमलाइन यो हो भनेर १० देखि १५ वर्ष सहकार्य गर्छौं भनेर प्रतिबद्धता जनाउनुपथ्र्यो । हामी त्यतातर्फ नगएर सरकार ढाल्ने र बनाउनेतिर मात्रै गयौँ ।

दोस्रो, शान्ति प्रक्रियामा हस्तक्षर गर्ने दुई पक्ष माओवादी र कांग्रेस थियो । अरु नमिले पनि यी दुई पार्टीले देशको आर्थिक विकासको जग १० वर्षमा बनाउने गरी वाचा गर्नुपर्नेथ्यो । त्यहाँ पनि चुकियो ।

तेस्रो, देशका ठूला कम्युनिष्ट पार्टी माओवादी र एमाले एक भयौँ । एउटा गतिमा नपुग्दै फुट्यौँ । फुट्नु हाम्रो गल्ती भयो । यसबाट राजनीतिक अस्थिरता भयो । अस्थिरताकै कारण असन्तुष्टि बढ्दै गयो । उक्त असन्तुष्टिलाई राजावादीले पकड्न खोज्दैछन् । यतिमै राजवादीले स्थान लिन सक्ने अवस्था देखिँदैन । तर, यस्तो बेलामा अर्को कुनै शक्ति उदाउन सक्छ ।

**सरकार र राजनीतिक दलको प्राथमिकता के हुनुपर्छ ?**

राजनीतिक दल र नेताले जनताको विश्वास धेरै नै गुमाएका छौँ । नेतृत्व क्षमता मात्रै होइन, जनविश्वास पनि हो ।

जनविश्वास नेतृत्वको आधार हो । त्यो निकै नै क्षय भएर गएको छ । मलाई के लाग्छ भने, अहिलेसम्म हामीले गरेको कमजोरीमाथि सार्वजनिक रुपमा आत्मालोचना गर्ने, अब हामी बाटो बिराउँदैनौँ, बिराउन पनि दिन्नौँ । आवश्यकता पर्छ भने गणतन्त्रका निम्ति नेतृत्व गरेको पुस्ता अभिभावकका रुपमा बस्छौँ, आउने नयाँ पुस्तालाई देश हाँक्ने जिम्मा दिन्छौँ, उनीहरुलाई बाटो बिराउन पनि दिन्नौँ, हामी अभिभावकका रुपमा बस्छौँ भने मात्रै जनताले एक ‘स्टेप’ विश्वास गर्छन् जस्तो लाग्छ । अन्यथा, यही तरिकाले हो भने त अन्योल र असन्तुष्टि चलिरहन्छ ।

ढिलै भए पनि सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित कानुन निर्माण भई सत्यनिरुपण तथा बेपत्ता छानबिन आयोगले काम थालेका छन् । द्वन्द्वकालीन घटना निरुपणको प्रक्रिया अघि बढेका बेला न्यायालयबाट भएका केही निर्णयले कहीँकतै यी विषय प्रभावित त हुँदैनन् ?

शान्तिप्रक्रियाका बाँकी काम सम्पन्न गर्न यति लामो समय लगाउनु हुँदैनथ्यो । हाम्रो शान्तिप्रक्रियाप्रति विश्वका विभिन्न मुलुकका शक्तिहरुको ध्यानाकर्षण भएको छ । शान्तिप्रक्रियाले एउटा बाटो लिइरहेका बेलामा यसलाई शीघ्र निष्कर्षमा पु¥याउँदा मुलुकको हित हुन्छ ।रासस

# शिक्षा क्षेत्रमा मौलापुर नगरपालिका उत्कृष्ट घोषित




**काठमाडौँ ।**
रौतहटको मौलापुर नगरपालिका मधेस प्रदेशभित्र शिक्षा क्षेत्रमा उत्कृष्ट भएका छन । पोखरामा आयोजित प्रिन्सिपल एशोसिएशन अफ नेपाल (पान) को दोस्रो राष्ट्रिय सम्मेलनका क्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले उक्त पुरस्कार प्रदान गरे । त्यस अवसरमा मौलापुर नगरपालिकाका प्रमुख रिनाकुमारी साहलाई शिक्षा क्षेत्रमा उत्कृष्ट काम गरेको भन्दै उत्कृष्ट अवार्डबाट पुरस्कृत गरियो । पानले प्रत्येक वर्ष प्रदान गर्ने उत्कृष्ट पालिका पुरस्कार यसपटक मौलापुर नगरपालिकाले प्राप्त गरेको हो । शिक्षाविद् प्राडा विद्यानाथ कोइरालाको नेतृत्वमा गठित समितिले २५ वटा शैक्षिक मापदण्ड पूरा गरेको मौलापुर नगरपालिका मधेस प्रदेशकै उत्कृष्ट ठहरिएको आयोजकले जनाएको छ । मौलापुरको नगरले विकास बजेटको ४३ प्रतिशत हिस्सा शिक्षा क्षेत्रमा लगानी गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले जानकारी दिनुभयो । गत वर्षको माध्यामिक शिक्षा परीक्षामा मौलापुर नगरपालिकाका ७५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।

आम जनता पार्टीकी नेत्री साह दोस्रो कार्यकालका लागि नगर प्रमुखमा निर्वाचित हुनुभएको छ । समग्रमा मधेस प्रदशेमा एसइई उतीर्ण प्रतिशत ३० मात्रै रहकेो छ । मौलापुरले लिएको शून्य कर नीतिको देशव्यापीरुपमा चर्चा हुँदै आएको छ । नगरपालिकाले कृषि तथा घरायसी प्रयोजनका लागि विद्युत् र पानीको महसुस निःशुल्क बनाएको छ ।रासस

# हुलाक सेवालाई आधुनिकीकरण गर्नु आवश्यकः सञ्चारमन्त्री गुरुङ




**मोरङ ।**
सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङले हुलाक सेवाको आधुनिकीकरण जरुरी भएको बताएका छन ।
हुलाक सेवा विभागद्वारा शनिवार विराटनगरमा आयोजना गरेको हुलाक सेवा विभागको पुनसंरचना विषयक अन्तरक्रियामा उहाँले राणाशासनमा स्थापना भएको हुलाक सेवाको आधुनिकीकरण गरी सेवा प्रवाह राम्रो बनाउनुपर्नेमा जोड दिए ।
मन्त्री गुरुङले भने, 'बदलिँदो परिवेशअनुसार संस्था चल्नुपर्छ, हुलाकलाई जनताको सेवामा प्रयोग गर्नुपर्छ, सेवासँगै व्यापार गर्न जरुरी छ ।' उनले हुलाक सेवालाई व्यवस्थित गर्न वार्षिक क्यालेन्डरअनुसार काम गर्न सुझाव समेत दिए । उनले हुलाक सेवालाई प्रविधिमैत्री बनाउन सरकारले सहयोग गर्ने समेत उल्लेख गरे ।
मन्त्री गुरुङले हुलाकलाई विश्वसनीय बनाउनुपर्नेमा जोड दिँदै दुरत गति कुरियर सेवा विश्वका १९३ वटै देशमा पु¥याउन आवश्यक रहेको बताए । मन्त्री गुरुङले इकमर्शका माध्यमबाट जनतासेवा दिनमा ध्यान केन्द्रित राख्नुपर्ने सुझाव दिँदै हुलाकले व्यवसायका विस्तार गरी आत्मनिर्भर हुनुपर्ने टिप्पणी ग ।
सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले हुलाक सेवालाई विविधिकरण गरी व्यवसायीकरण गर्नु जरुरी रहेको धारणा राख्नुभयो । उनले हुलाक सेवाको पुनःसंरचना आवश्यक भएको बताए ।
कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले हुलाक सेवालाई नयाँ उचाइमा पु¥याउनु आवश्यक भएको बताउँदै यसलाई व्यवसायीकरण गरी आत्मनिर्भर बनाउनु पर्ने आवश्यकता औंल्याए ।
विभागकी महानिर्देशक मनमाया भट्टराई पङ्गेनी, जिल्ला समन्वय समिति मोरङका प्रमुख अजम्वजर राईलगायतले हुलाक सेवालाई भरपर्दो र विश्वसनीय र व्यापारमा विविधिकरण गर्न पुनःसंरचना जरुरी रहेको सुझाव दिईन ।
कार्यक्रममा प्रदेशका विभिन्न हुलाक कार्यालय, विभिन्न संगठनका प्रतिनिधिहरुको सहभागिता थियो ।रासस

# जेठ ३० गतेदेखि दलित गोलमेच सम्मेलन हुने




**काठमाडौँ ।**
यही जेठ ३० गतेदेखि काठमाडौँमा दलित गोलमेच सम्मेलन हुने भएको छ । आयोजक राष्ट्रिय दलित गोलमेच सम्मेलनले यहाँ शनिवार पत्रकार सम्मेलन गरी पछिल्लो समयमा दलित समुदायमाथि उत्पीडन बढ्दै गएको उल्लेख गर्दै त्यसलाई रोक्न तथा मुक्तिका लागि सम्मेलनको आयोजना गरिएको जनाएको छ । सम्मेलन असार १ गतेसम्म काठमाडौँको प्रज्ञा प्रतिष्ठानमा हुने छ ।
सम्मेलनका संयोजक डा निर्मल विश्वकर्माले विश्व परिवेशमा गोलमेच सम्मेलनको अभ्यास भइसकेको सफल विधि भए पनि नेपालको लागि पहिलो हुने बताए । शदियौँदेखिको दलित समुदायमाथिको उत्पीडन र त्यसबाट मुक्तिको प्रयास वा सङ्घर्ष अभियानको समीक्षा गर्दै संयोजक विश्वकर्माले राज्यसत्तामा पूर्ण रुपमा समानुपातिक प्रतिनिधित्व, राज्यका स्रोतहरुमा हिस्सेदारी र धर्म सुधारलगायतका मुख्य ३ वटा एजेण्डमा बहस हुने संयोजक विश्वकर्माले जानकारी दिए ।
सम्मेलनका सचिवालय सदस्य तथा प्रवक्ता राजेश मयाल विक(अग्नी शिखा)ले देशका ७ प्रदेश र ७७ वटै जिल्लाहरुबाट सम्मेलनका लागि काठमाडौं आउने क्रम जारी रहेको बताए । उनले सम्मेलन दलित मुक्तिको लागि कोसेढुङ्गा सवित हुने विश्वास व्यक्त गरे ।
राष्ट्रिय दलित गोलमेच सम्मेलन मूल आयोजक समिति सचिवालय सदस्य राजेश नेपालीले सात दशक लामो दलित आन्दोलन र संविधान सभाबाट निर्मित २०७२ को संविधान कार्यान्वयनको १० वर्षीय समीक्षा गर्दै वैचारिक र नविन आन्दोलनको आवश्यकता रहेको बताउनुभयो ।रासस

# बागलुङमा 'आमा शिक्षा' कार्यक्रम



**बागलुङ ।**
झोलामा किताब, कापी, हातमा पानीको बोत्तल । झट्ट हेर्दा नातीनातिना विद्यालय पु¥याउन आएकाजस्ता देखिने बागलुङका १० जना आमा यतिबेला आफैँ कखरा सिक्दै छिन ।
विद्यालयमा विद्यार्थीको सङ्ख्या घटेर न्यून भएपछि आमालाई विद्यालयमा भर्ना गरिएको हो । सरकारले २०७० सालमा 'साक्षर हाम्रो अधिकार' भन्ने नाराका साथ सञ्चालित 'साक्षरता नेपाल अभियान'अन्तर्गत प्रौढशिक्षा कार्यक्रम सञ्चालन गरेर बागलुङ जिल्लालाई निरक्षरमुक्त जिल्ला घोषणा गरेको छ । बागलुङ सदरमुकामबाट १० मिनेटको दूरीमा पुगिने बागलुङ नगरपालिका–३ खहरेका १० जना आमा भर्खर कखरा सिक्दै छन । उनिहरु आफ्नो नाम लेख्न सक्षम भएका हुन ।
खहरेको वसन्धरा प्राथमिक विद्यालयले व्यवस्थापन समिति र प्रधानाध्यापकसमेतको संयोजनमा 'आमा शिक्षा कार्यक्रम' सञ्चालन गरेको छ । सोही कार्यक्रमअनुसार पहिले अक्षर चिनेका तीन जना आमा कक्षा २ र अक्षर नै नचिनेका सात जना आमा कक्षा १ मा भर्ना भएका हुन ।
कक्षा ३ सम्म अध्यापन हुने विद्यालमा अहिले जम्मा १६ जनामात्रै विद्यार्थी छन् । १० जना आमा थपिएपछि २६ जना पुगेका छन् । विद्यालय जाने उमेरका यो गाउँका बालबालिका सदरमुकामका निजी विद्यालयमा जान थालेपछि विद्यालय जोगाउन आमा साक्षरता कार्यक्रम चलाइएको विद्यालयको प्रधानाध्यापक सरिता उप्रेती पाण्डेले जानकारी दिए ।
विद्यालयमा विद्यार्थीको सङ्ख्या न्यून नभएपछि विद्यालय व्यवस्थापन समितिले निर्णय नै गरेर अभिभावक पढाउन सुरु गरेको हो ।
घरधन्दा सकेर किताब र कापी बोकी विद्यालय पुग्ने उहाँहरु साँझ बिहान नातीनातिनासँगै गृहकार्य गर्ने गरेकोबताउछन ।
छपन्न वर्षमा कक्षा १ मा भर्ना हुनुभएकी खिमकुमारी कार्की गाउँमा प्रौढकक्षामा आफूले पढ्न नपाएको भए पनि 'आमा शिक्षा कार्यक्रम'ले पढ्ने चाहना पूरा गरिदिएको बताछिन अहिले फोटो हेरेर फोन गर्छु उनले भनिन, अक्षर चिनेपछि विदेशमा भएका छोरालाई आफैँले अक्षर चिनेर फोन गर्ने इच्छा छ । किताब र कापी च्यापेर विद्यालय जाँदा फुरुङ्ग उनि धुलोमैलो र माटाको स्कुल अहिले सिमेन्ट र कार्पेट बिछ्याउँदा विद्यार्थी घटेर विद्यालय बन्द हुने अवस्थामा पुगेकामा चिन्तित छन ।
लालबहादुर खत्री लामो समय विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेको विद्यालय विद्यार्थी घटेर सङ्कटमा परेपछि विद्यालय जोगाउन आफैँले पढ्न सुरु गरेको ६० वर्षीया मीनाकुमारी खत्रीले बताए । अक्षर नचिनेका आमाहरुलाई पढ्नेलेख्ने बनाउनु राम्रो काम भए पनि पढ्ने उमेरका बालबालिका विद्यालयमा थोरै हुनु दुःखद् भएको विद्यालयका प्रधानाध्यापक सरिता उप्रेती पाण्डे बताए । बालशिक्षामा बर्सेनि १२ जनाभन्दा बढी बालबालिका भर्ना भए पनि १ कक्षा पुग्नेबेलामा विद्यार्थी सङ्ख्या शून्य हुने गरेको उनले जानकारी दिए ।रासस

# रिडी–तम्घास सडक कालोपत्र गरिँदै

**गुल्मी ।**
मदनभण्डारी राजमार्गअन्तर्गत गुल्मीको रिडी–तम्घास सडकखण्डमा कालोपत्र सुरु गरिएको छ । पहिलो चरणमा उक्त सडक खण्डअन्तर्गत रुरुक्षेत्र गाउँपालिकादेखि छत्रकोट हुँदै गुल्मीदरबारसम्म सडक कालोपत्र गर्न सुरु गरिएको हो ।
रुरुक्षेत्रदेखि गुल्मी दरबार गाउँपालिकाको रुन्खादहसम्म २५ किलोमिटर सडक यही आउँदो फागुन २५ सम्म कालोपत्र गर्ने काम सकिने मदनभण्डारी राजमार्ग आयोजना कार्यालय गुल्मीका सूचना अधिकारी एवं इञ्जिनियर हुमनाथ पौडेलले जानकारी दिए । 'रिडीदेखि २५ किलोमिटरसम्म ढलान र अस्फाल्ट गर्ने कार्यक्रम छ, अहिलेसम्म आठ किलोमिटर सम्पन्न भइसकेको छ, अब १७ किलोमिटर बाँकी छ, मौसमले साथ दियो भने यस आर्थिक वर्षमा १८ देखि १९ किलोमिटर गर्ने कार्यक्रम छ', उनले भने ।



निर्माण कम्पनीले रुरुक्षेत्र गाउँपालिका, छत्रकोट र गुल्मीदरबार क्षेत्रमा 'ग्रेड कटिङ' र मोड सुधारको काम अन्तिम चरणमा पुगेको जनाएको छ । सम्झौताअनुसार कटिङ, नाली, संरचना निर्माण र ग्राभेलको काम दुरतगतिमा भइरहेको छ । पच्चीस किमी सडकअन्तर्गत दुई किमी ढलान र छ किमी कालोपत्र भइसकेको आयोजना कार्यालयका सूचना अधिकारी हुमनाथ पौडेलले बताए ।
उक्त सडकखण्डमा हालसम्म ७० प्रतिशत भौतिक र ५५ प्रतिशत वित्तीय प्रगति भइसकेको छ । सडक निर्माणका क्रममा गत दुई वर्ष यस क्षेत्रका नागरिकले धुलो र हिलोको समस्या भोग्नुपरेको थियो ।
सडक निर्माणका लागि २०७९ फागुन २६ मा समानान्तर–एलाइट जेभीले रु एक अर्ब ५० करोडको लागतमा रिडी–रुन्खादह सडकको ग्रेड कटिङ, मोड सुधारसँगै कालोपत्र गर्ने सम्झौता भएको थियो । रासस

# वायु प्रदूषण घटाउन साइकलको प्रयोग बढाउनुपर्ने

**काठमाडौँ ।**
खानेपानीमन्त्री प्रदीप यादवले घनाजनघनत्व भएका सहरी क्षेत्रका साथै अन्य सहरी इलाकाको वायु प्रदूषण घटाउन साइकलको प्रयोग बढाउनुपर्नेमा जोड दिएका छन ।
विश्व वातावरण दिवसका सन्दर्भमा मारवाडी युवा मञ्चद्वारा 'वातावरणको रक्षा, हाम्रो दायित्व हाम्रो प्रतिबद्धता'नाराका साथ शनिवार आयोजित साइकल र्यालीको उद्घाटन गर्दै उनले लामो समयसम्म हुने जाम, प्रदूषण र अस्वस्थ जीवनशैलीबाट जोगिन साइकलको प्रयोग बढाउनुपर्नेमा जोड दिएका छन ।
व्यक्तिगत एवं सामूहिक रूपमा धुवाँ उत्पादन गर्ने इन्धनरहित हरित सवारी साधन प्रयोग गर्नुपर्ने तथा स्वच्छ ऊर्जाको उपयोग बढाएर हरित संसार निर्माणको परिकल्पनालाई साकार गर्नसकिने विचार मन्त्री यादवले व्यक्त गरे ।
सरकारले वातावरणमैत्री यातायातको प्रवद्र्धनका निम्ति नीति तथा पूर्वाधारमा लगानी गर्ने बताउँदै उनले विद्यालय, कार्यालय, तथा स्थानीय तहहसमेत साइकल प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ भने । वातावरण संरक्षण तथा प्रदूषणमुक्त समाज बनाउन मारवाडी सेवा समाजले निर्वाह गरेको भूमिकाको सराहना गरे ।
उनले भने, 'जलवायु परिर्वतनका कारण सेता हिमाल काला हुन थालेका छन् । हिमाल बचाउन जरुरी छ । जलवायु परिर्वतनका कारण उत्पन्न चुनौतीको सामूहिक रूपमा सामना गर्न आवश्यक छ ।'
मारवाडी युवामञ्चका अध्यक्ष प्रकाशकुमार केजरीवालले साइकल प्रयोग गर्नाले व्यक्तिगत तन्दुरुस्ती बढ्नुका साथै यसले सहरको ध्वनि र वायु प्रदूषण पनि घटाउने बताए ।रासस

# 'परम्परागत बाली र विषादीरहित उत्पादनका लागि सरकारले काम गरिरहेको छ'

**काठमाडौँ ।**
कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले नेपाली परम्परागत बाली र विषादीरहित उत्पादनका लागि सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत थप कार्यक्रम अगाडि बढाएको बताएका छन ।
एग्री प्रडक्ट नेपालले सञ्चालन गरिरहेको 'रैथाने कृषि हाटबजार' को एक सयौँ हप्ता सम्पन्न गरेको अवसरमा शनिवार आयोजित कार्यक्रममा उनले सरकार रैथानी बाली संरक्षण र परम्परागत कृषि सीप संरक्षणमा क्रियाशील रहेको बताए ।
मन्त्री अधिकारीले पछिल्लो समय स्थानीय उत्पादन, परम्परागत बाली र त्यसको उपभोगका विषयमा जागरण आइरहेको उल्लेख गर्दै अब अत्यावश्यक खाद्यवस्तुको आयात प्रतिस्थापन गर्ने गरी व्यावसायिक विकासमा केन्द्रित हुनुपर्ने बताए ।
'पहिले दुई छाक भात खान नपाउँदा गरिब भएको महसुस हुन्थ्यो, हाल दुई छाक भात खानुपरे पीडा महसुस हुन्छ, थोरै उत्पादन होस् तर रोग नलाग्ने विषादीरहित खाद्यवस्तु खान पाइयोस् भन्ने चेतना बढेको छ, यसमा रैथाने कृषि हाटबजार अभियानको पनि महत्वपूर्ण भूमिका छ', उनले भने, 'अब रैथाने बीउको संरक्षण र समयानुसार विकास गरी लाभ लिनुपर्ने आवश्यकता छ, त्यसका लागि स्थानीय तहले अझ बढी महत्वपूर्ण भूमिका खेल्न सक्छन्, व्यवसायीको भूमिका त्यत्तिकै महत्वपूर्ण छ ।'
मन्त्री अधिकारीले आयात, परनिर्भरता र आर्थिक स्रोतको अभाव पूर्ति गर्न गाँजालगायत जडिबुटीजन्य नेपाली उत्पादनमा जोड दिनुपर्ने बेला आएको धारणा राखे । 'हाल अत्यावश्यक वस्तु आयात गरेर खानु परिरहेको छ, अर्थतन्त्रमाथि त्यतिकै दबाब छ, यो कुरा सबैले महसुस गरेका छौँ, तर हामीले गाँजा र यस्तै औषधीय गुण भएका कृषिउपजको वैधानिक खेती गर्ने हो भने मेरो गृह जिल्ला धादिङमा मात्रै पाँच वटा भन्सार कार्यालय थप्नुपर्ने अवस्था आउँछ, त्यसले पैसा अभाव हुन दिँदैन, त्यसैले यस विषयमा सरकारले आवश्यक काम गर्नुपर्छ भन्ने कुरा आइरहेका छन्, हामी सकारात्मक छौँ', उनले भने ।
पूर्वमन्त्री शेरबहादुर तामाङले अब कुरा मात्रै नभई काम गर्नुपर्ने बेला आएको उल्लेख गर्दै सरकारले स्थानीय परम्परागत बालीको संरक्षणका लागि देखिने गरी काम गर्नुपर्ने धारणा राखे । उनले सरकारले नीतिगत सहजीकरण गर्ने र किसानले जिम्मेवारीपूर्वक काम गरे बेरोजगारीको समस्या समाधानमा ठूलो टेवा पुग्ने धारणा राखे ।



'अब अनुदान होइन, न्यून ब्याज तथा बिनाब्याजमा कृषकले ऋण पाउने व्यवस्था हुनुप¥यो, कृषि विकासको नाममा स्थापित कृषि विकास बैंकलाई किसानको हितमा काम गर्न लगाउनुप¥यो, घरजग्गाा किन्दा सहज तर कृषिउद्यमका लागि जाँदा ऋण नै नपाउने अवस्था छ, यसलाई अन्त्य गरौँ', उनले भने, 'मैले त कोदोको रक्सीको ब्रान्डिङ, गाँजाखेतीको वैधानिकताको कुरा गरिरहेको छु, यो काम भएमा हाम्रा युवाले देशमै बसेर वर्षको आठ÷दश लाख रुपैयाँ कमाउने अवस्था बन्छ, यसमा काम गर्न ढिला नगरौँ ।'
कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा रामकृष्ण श्रेष्ठले आफ्ना परम्परागत उत्पादन उपभोग गर्ने बानी विकास भएमा उत्पादन र व्यावसायिक विकासमा टेवा पुग्ने धारणा राख्नुभयो ।
नेपाल सरकारले बाली विकास, स्थानीय जात र प्रविधि संरक्षणमा काम गर्दै आएको र यसका लागि आर्थिक वर्ष २०७७÷७८ देखि देशभर करिब ३०० पालिकालाई शसर्त अनुदानमा बजेट तथा कार्यक्रम व्यवस्थापन गर्दै आएको बताए ।
एग्री प्रडक्ट नेपालका अध्यक्ष तीलक ढाकालले रैथाने बाली, परम्परागत सीप र ज्ञानको संरक्षण, प्रवद्र्धन र बजारीकरणका लागि उत्पादक किसान एवं उद्यमीहरूले विसं २०८० साउन १ गतेदेखि अभियान सुरु भएको बताए । रैथाने कृषि हाटबजार अभियानले एक सय हप्ता पूरा गरेको र यस अवधिमा प्रत्येक हप्ता औषतमा ३५ स्टलबाट ३०० देखि ४०० ग्राहक जोडिने गरेको जानकारी दिँदै हालसम्म करिब तीन करोड रुपैयाँको कारोबार भएका अनुमान सुनाए ।
कार्यक्रममा थुलुङ दूधकोशी गाउँपालिका सोलुखुम्बुका अध्यक्ष असिम राई, खनियाबास गाउँपालिका अध्यक्ष रणबहादुर तामाङ, विश्व वन्यजन्तु कोष (डब्लुडब्लु एफ) का नेपाल प्रतिनिधि डा घनश्याम गुरुङ, नेपाल डेरी एशोसिएशनका अध्यक्ष पह्लाद दाहाल, ओरियन्ट क्याफे दरबारमार्गका सञ्चालक पशुपति पाण्डे, महिला उद्यमी जोत्सना केसीलगायतले सम्बोधन गर्नुभएको थियो । उनिहरूले स्थानीय जातको बीउ र बाली मासिनु भनेको नेपाली संस्कृतिमाथिको अतिक्रम भएको भन्दै संरक्षणमा लाग्न सबैलाई आग्रह गरे ।रासस

# महागढीमाईमा १५ दिनमै उप्कियो कालोपत्रे सडक, गुणस्तरहीन निर्माणमा स्थानीयको आक्रोश

**मधेशदृष्टि**
**बारा ।**
आर्थिक वर्षको अन्त्यसँगै विकासे योजनामा देखिएको चटारोबीच बाराको महागढीमाई नगरपालिका–६ मा निर्माण गरिएको कालोपत्रे सडक १५ दिनमै उप्किन थालेपछि निर्माणको गुणस्तरमाथि गम्भीर प्रश्न उठेको छ ।

पत्रहट्टीदेखि बर्वा–पर्सा जोड्ने उक्त सडकखण्डमा हालै मात्र कालोपत्रे गरिएको थियो । तर, स्थानीयवासीहरूका अनुसार बेस तहमा केवल बालुवा हालेर रोलर बिना अलकत्रा गरिएकोले छोटो समयमा नै सडकको सतह भत्किन थालेको हो ।

ढुङ्गा सतहमा देखा पर्न थालेपछि सडकको दीर्घकालीन प्रयोगशीलता र निर्माणमा भएको अनियमितता बारे शंका गरिएको छ ।
स्थानीय विक्रमप्रसाद यादवले पत्रहट्टी स्वास्थ्य चौकीदेखि हुलाकी राजमार्गसम्मको सडकमा अत्यन्त पातलो तहमा कालोपत्रे गरिएको बताउँदै गाडी नचल्याउँदै सडक उप्किन थालेको गुनासो गरे ।

उनले निर्माण कम्पनीमाथि लापरवाही र कमजोर सामग्री प्रयोग गरेको आरोप लगाएका छन् ।

सडक निर्माणको जिम्मा पाएको भागवती श्री राधेमाई निर्माण सेवा, वीरगंजका प्रोपराइटर नन्दराज सर्राफले भने आफूहरूको काम निर्धारित मापदण्डअनुसार नै भएको दाबी गरेका छन् । 'सब–बेस १५ से.मी., बेस १५ से.मी. र प्रिमिक्स ३ से.मी.' अनुसार निर्माण गरिएको जानकारी दिँदै उनले चाहेको खण्डमा कोर फोरेर हेर्न र ल्याब परीक्षण गर्न आफू तयार रहेको बताए ।
सघन शहरी तथा भवन निर्माण आयोजना, वीरगंजमार्फत सम्पन्न भएको १ किलोमिटर लामो यो सडक ६२ लाख २५ हजार ७१० (भ्याटसहित) को लागतमा निर्माण गरिएको हो । ठेक्का सम्झौता २०७८ मंसिर २५ गतेमा भएको हो भने कार्य सम्पन्न अवधि २०७८ चैत ३१ गते तोकिएको थियो । निर्माण निरीक्षणमा खटिएका इन्जिनियर मुकेश यादवका अनुसार हाल सडकको गुणस्तर परीक्षण प्रक्रियामा रहेको र आवश्यक परे 'कोर कटिङ' प्रविधिबाट परीक्षण गरी मापदण्ड विपरीत पाइएको खण्डमा निर्माण कम्पनीलाई सुधार गर्न बाध्य बनाइने बताए । स्थानीयवासीहरूले भने आर्थिक वर्षको अन्त्यमा बजेट सक्ने हतारोमा हुने यस्ता असारे विकासले दीर्घकालीन रूपमा सार्वजनिक सम्पत्तिमा क्षति पुर्याउने भन्दै कडा असन्तुष्टि व्यक्त गरेका छन् ।

# मुख्यमन्त्री सिंहद्वारा बकर इदको शुभकामना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मुस्लिम धर्मावलम्बीहरूको महान पर्व बकर इद (इद–उल–अजहा) २०८२ को अवसरमा सम्पूर्ण मुस्लिम समुदायलाई शुभकामना व्यक्त गरेका छन् ।
शनिबार जारी गरेको शुभकामना सन्देशमा मुख्यमन्त्री सिंहले धार्मिक, सांस्कृतिक र जातीय विविधताले भरिएको मधेश प्रदेशमा बकर इदले आपसी समझदारी, सहकार्य र सामाजिक सद्भावलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गरेका छन् । 'धार्मिक र सांस्कृतिक पर्वहरूले सामाजिक एकता, शान्ति र समृद्धिमा महत्वपूर्ण योगदान पुर्याइरहेका छन्,' सन्देशमा भनिएको छ, 'बकर इदले हामी सबैमा दया, उदारता र सहअस्तित्वको भावना बलियो बनाओस् भन्ने कामना गर्दछु ।' मुख्यमन्त्री सिंहले यो पर्वले समाजमा भाइचारा, सामाजिक न्याय र समावेशिता प्रवद्र्धन गर्ने विश्वाससमेत व्यक्त गरेका छन् । उनले सम्पूर्ण मुस्लिम समुदायको सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि शुभकामना दिएका छन् ।

# बहाना गर्दै बिरामी लुट्दै–सरकारी औषधी पसल

**मनोज माझी**
**सप्तरी ।**
अन्य कतिपय क्षेत्रमा अनियमितता र भ्रष्टाचारका घटना सार्वजनिक भइरहेका बेला यो 'रोग' र प्रवृती स्वास्थ्य क्षेत्रमा समेत सरेको पाइएको छ । सरकारले स्वास्थ्य बीमामार्फत बिमित बिरामीलाई दिने निःशुल्क औषधी र उपचार सेवामा अनियमितता देखिएको हो । स्वास्थ्य संस्थाले विभिन्न बहाना र लाचारी देखाउन थालेपछी बिरामी र उनका आफन्त ठगिन थालेका छन् । विपन्नलाई उपचारमा राहत पुर्याउने उद्देश्यले सरकारले सर्वसाधारणसँग केही न्युन रकम लिएर स्वास्थ्य बीमा कार्यक्रम लागु गरेको छ । विशेष गरि कम आय स्रोत भएका तथा बिपन्न समुदायका व्यक्तिले सरकारले तोकेको रकम तिरेर स्वास्थ्य विमा गराएका छन् । तर, यसको लाभ लिने बेला बिभिन्न बहाना देखाउँदै अस्पतालले सेवा सुविधा नदिँदा बिरामीहरु ठगिन थालेका छन् । जसको पछिल्लो उदाहरण बनेको छ, सरकारको मातहतमा रहेको गजेन्द्र नारायण सिंह अस्पतालको 'औषधी बिक्रि केन्द्र' । अस्पताल परिसरमै रहेको उक्त केन्द्रमा कहिल्यै चिकित्सकद्वारा लेखिए अनुसारको औषधी नपाइने बिरामी र उनका आफन्तले गुनासो गरेका छन् ।शुक्रबार सो अस्पतालका डा. आदर्श सिंहसँग जँचाएपछि औषधी लिन उक्त केन्द्रमा जाँदा पूर्जामा लेखिएको ९ मध्ये ३ वटा औषधी मात्र पाइएको राजविराज–४ का बिक्रान्त परियारले गुनासो पोखे ।'सस्तोमा पाइने ३ वटा औषधी मात्र दिइयो,' उनले भने, 'बाँकी ६ वटा औषधी सकेको । बजारमै किन्नु भनेर फर्काइदिए ।' राजगढ गाउँपालिका–६ बाट ७ वर्षीय छोरा अशोकलाई जचाउन आएकी सुलोचना मण्डलले सोही अस्पतालमा डा. कालिप्रसाद यादवसँग स्वास्थ्य परिक्षण पश्चात् उनले लेखिदिएको पूर्जा लिएर उक्त केन्द्रमा जाँदा ७ मध्ये २ वटा औषधी मात्र पाइएको गुनासो गरिन् । उनले समस्या पर्दा सस्तोमा उपचार सेवा र औषधी पाइने आशमा पूरै परिवारको ३ हजार ५ सय रुपैयाँ तिरेर स्वास्थ्य बीमा गराएको भएपनि अहिले समस्या पर्दा बीमाको समुचित लाभ पाउन नसकि ठगिएको महसुस भएको बताइन् । मण्डल र परियार मात्र होइन् । उक्त औषधी केन्द्रमा पुग्ने जो कोही बिरामी र उनका आफन्तको यस्तै गुनासो छ । सरकारले स्वास्थ्य बीमा गराएका विमितका लागि एकातिर न्यून मात्रामा औषधी पठाउने अर्कोतिर उपलब्ध औषधीमा पनि औषधी केन्द्रमा खटिएका कर्मचारीले गडबडी गर्ने गरेको स्थानीयको आरोप छ । समस्या यति मात्र होइन् । आवश्यक जनशक्तिको अभावमा अस्पतालमा रहेको एचडियु सेवा विगत चार महिनादेखी बन्द छ । अस्पताल आउने बिरामी सो जाँचका लागि चर्को शुल्क तिरेर बाहिर प्रइभेट क्लिनिकमा जान बाध्य छन् ।
अस्पतालका मेडिकल सुपरिटेन्ट डा. प्रकाश साहले औषधी र जनशक्तिको अभाव बारे आफूले सम्बन्धीत विभागमा जानकारी गराई समाधानका लागि पहल गरिरहेको बताएका छन् ।

# कल्याणपुर–गाईघाट सडकको ट्र्याक खुल्दै




**मधेशदृष्टि**
**सिरहा ।**
सप्तरीको कल्याणपुर बजारदेखि उदयपुरको मोतीगढा गाईघाटसम्म जोडिने नयाँ सडक ट्र्याक खोल्ने काम तीव्र गतिमा अघि बढिरहेको छ ।

सडक डिभिजन कार्यालय लहानको समन्वयमा करिब १७ किलोमिटर लामो यो सडक पूर्व–पश्चिम राजमार्गबाट शुरु भई चुरे क्षेत्र पार गर्दै पहाडी जिल्ला उदयपुर पुग्नेछ । सडक खुल्न थालेपछि स्थानीय व्यापार र ढुवानी सेवामा क्रान्तिकारी सुधार आउने अपेक्षा गरिएको छ । स्थानीय व्यवसायी राजेश यादवले भने, 'सडक खुल्नेबित्तिकै पहाडको उत्पादन सजिलै तराई ल्याउन र तराईको सामान पहाड पुर्याउन सहज हुनेछ । ढुवानी खर्च घट्ने छ ।' युवा तथा खेलकुद विकासमन्त्री तेजुलाल चौधरीले उक्त सडक ट्र्याकको शिलान्यास गर्दै कल्याणपुर बजारलाई पहाड–तराईको महत्त्वपूर्ण व्यापारिक जक्सनको रूपमा विकास गर्न सकिने बताए । 'जनघनत्व बढ्दो छ, सडक सुविधा पनि बढ्नैपर्छ,' मन्त्री चौधरीले भने, 'यो सडकले यहाँको स्थानीय अर्थतन्त्रमा नयाँ गति ल्याउनेछ ।' सडक निर्माणका लागि चालू आर्थिक वर्ष २०८१\८२ मा संघीय सरकारले कुल ८ करोड ४५ लाख रुपैयाँभन्दा बढीको बजेट विनियोजन गरेको हो । मिसन कन्ट्रक्सन एण्ड स्प्लायर्स प्रालि काठमाडौँसँग ४ करोड ४० लाख रुपैयाँ बराबरको ठेक्का सम्झौता गरिएको छ । सम्झौता अनुसार काम यही असार ३० गतेसम्म सम्पन्न गर्ने लक्ष्य छ । सडक डिभिजन कार्यालय लहानका इन्जिनियर चन्द्रकान्त चौधरीका अनुसार शुरुमा वन कार्यालयबाट रूख काट्ने स्वीकृति नपाउँदा केही ढिलाइ भए पनि हाल कामले तीव्रता लिएको छ । कम्पनीका इन्जिनियर सुरेन्द्र जैसवालले ट्र्याक १० मिटर चौडा हुने जानकारी दिँदै सडक बाढीपहिरोबाट जोगाउन कच्ची नाला, ग्याभिन वाल र पलम कन्ट्रिक वाल निर्माण पनि गरिने बताए । सडक ट्र्याक खुल्ने खबरले स्थानीय बासिन्दा उत्साहित छन् । कल्याणपुरकी सञ्जु चौधरी भन्छिन्, 'अब घरबाट सिधै गाईघाट जान सजिलो हुनेछ । ट्र्याक खुलेपछि छिट्टै कालोपत्रे पनि भयो भने जनजीवन नै परिवर्तन हुनेछ ।' स्थानीय स्तरमा रोजगारी सिर्जना, कृषि उत्पादनको बजार पहुँच र पहाड–तराईको सम्बन्ध विस्तार गर्ने दृष्टिले यो सडकको निर्माणलाई दीर्घकालीन विकासको आधार मानिएको छ ।

# महोत्तरीमा ट्राफिक प्रहरीले तीन वर्षयता चलाएको कार्यक्रमको प्रभावकारी परिणाम

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरी जिल्लामा निरन्तर रूपमा सञ्चालन गरिँदै आएका ट्राफिक सचेतना कार्यक्रमहरूले उल्लेखनीय परिणाम दिन थालेका छन् । पछिल्ला तीन वर्षको तथ्याङ्कले सडक दुर्घटनाको दर घटेको देखाउँछ भने मानवीय क्षतिको अवस्था पनि क्रमशः कम हुँदै गएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार योजनाबद्ध ढंगले सञ्चालन गरिएका सडक सुरक्षा सचेतना अभियानले सवारी दुर्घटना न्यूनीकरणमा प्रत्यक्ष प्रभाव पारेका छन् । ट्राफिक प्रहरी निरीक्षक लक्ष्मीराज जोशीका अनुसार विगतका तुलनामा अहिले दुर्घटना मात्र नभई त्यसबाट हुने घाइते र मृतक संख्यामा पनि केही हदसम्म गिरावट आएको छ । प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९÷८० मा महोत्तरीमा ७४१ वटा सवारी दुर्घटना भएका थिए । तर, सो सङ्ख्या पछिल्लो आर्थिक वर्ष २०८०÷८१ मा घटेर ५०४ मा झरेको छ । दुर्घटनाबाट घाइते हुनेको संख्या पनि उल्लेखनीय रूपमा घटेको छ । आव २०७९÷८० मा एक हजार १०७ जना घाइते भएका थिए भने २०८०÷८१ मा यो संख्या ७७२ मा झरेको छ । यद्यपि, दुवै आवमा मृत्यु हुनेको संख्या ६८ रहेको छ । आर्थिक वर्ष २०८१÷८२ को वैशाख मसान्तसम्मका १० महिनामा साना–ठूला गरी ५३४ वटा सडक दुर्घटना दर्ता भएका छन् । तीमध्ये १०० वटा घटना कुनै मानवीय क्षति नभएका सामान्य प्रकृतिका छन् । यो संख्या विगतको तुलनामा तुलनात्मक रूपमा न्यून मानिएको छ । यस अवधिमा ३१ जनाको मृत्यु भएको छ भने ५६५ जना घाइते



भएका छन् । दिनहुँ सवारीसाधनको चाप बढ्दो अवस्थामा रहे पनि यस किसिमको दुर्घटनाको अवस्था कम हुनु सकारात्मक पक्षको रूपमा हेरिएको छ । ट्राफिक प्रहरी कार्यालयले पछिल्ला दुई वर्षदेखि आम नागरिक, यातायात व्यवसायी, चालक, सहचालक, मजदुर र विद्यालयका विद्यार्थीहरूसम्म पुगेर चरणबद्ध रूपमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यस्तै, 'सडक सुरक्षा सप्ताह' कार्यक्रम अन्तर्गत जिल्लाका प्रमुख शहरहरू बर्दिवास, जलेश्वर, गौशाला, रामगोपालपुर र सम्सीमा विभिन्न रचनात्मक गतिविधि गरिएको छ । गत बिहीबारदेखि शुरु भएको कार्यक्रम बुधबार समापन हुने तालिका रहेको छ । कार्यक्रममा सबै पक्षको सहयोग र चासो उच्च रहेकोले आगामी दिनमा यस्ता अभियानलाई अझ व्यापक बनाउने योजना रहेको ट्राफिक प्रहरी निरीक्षक जोशीले बताए । जिल्लाका विभिन्न स्थानमा ट्राफिक संकेत, जिब्राक्रसिङ, हेल्मेट प्रयोग, सीटबेल्ट अनिवार्यताको पालनाजस्ता कुरामाथि विशेष ध्यान दिइएको छ । यसका साथै ट्राफिक नियम उल्लङ्घन गर्नेहरूलाई कारवाही गरिनुका साथै जनचेतनामूलक सन्देश पनि प्रवाह गरिएको छ । प्रहरी निरीक्षक जोशीले भने, 'सडक सुरक्षा सबैको जिम्मेवारी हो । हामीले चलाएको कार्यक्रमलाई सबैले सहयोग गर्नुभयो । यही सकारात्मक ऊर्जा नै आगामी दिनमा दुर्घटना रहित समाज निर्माणको आधार बन्नेछ ।'

# प्रधानाध्यापक साहलाई 'बेस्ट प्रिन्सिपल अफ प्रोभिन्स'को सम्मान

**राजिव साह**
**सर्लाही ।**
सर्लाहीको ब्रह्मपुरीस्थित जलधार कमलदेव नमुना माध्यमिक विद्यालयकी प्रधानाध्यापक विनिता कुमारी साह 'प्रदेश उत्कृष्ट पुरस्कार' बाट सम्मानित भएकी छन् । पोखरामा प्रिन्सिपल अफ नेपालद्वारा आयोजित राष्ट्रिय सभामा उनलाई 'बेस्ट प्रिन्सिपल अफ प्रोभिन्स'को सम्मान प्रदान गरिएको हो ।
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्तले प्रधानाध्यापक साहलाई सम्मानपत्र, दोसल्ला र नगद १० हजार रुपैयाँ प्रदान गरी सम्मानित गरे । उनले शिक्षाको क्षेत्रमा देखाएको समर्पण, नेतृत्व क्षमता र उत्कृष्ट योगदानको उच्च मूल्याङ्कन गर्दै सो सम्मान प्रदान गरिएको हो ।

# प्रेस मञ्च सप्तरीको नयाँ कार्यसमितिको शपथ

**मधेशदृष्टि**
**सप्तरी ।**
प्रेस मञ्च नेपाल सप्तरीका नवनिर्वाचित पदाधिकारीहरुले एक कार्यक्रमका बिच शपथ ग्रहण तथा पदस्थापना गरेका छन् । प्रमुख अथिति जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य एवम् केन्द्रीय प्रचार विभाग उप–संयोजक शम्भु झाले पत्रकार समाजसेवक भएर काम गर्नु पर्ने भएकोले व्यवसायीहरु पत्रकारितामा धैरे दिन टिक्न नसक्ने बताए । नेता झाले एक÷दुईजना अवसरवादीले गर्दा संगठनमा केही फरक नपर्ने टिप्पणी गरे ।



प्रेस मञ्च नेपालका नवनिर्वाचित अध्यक्ष धर्मपाल राउतले नेपाल पत्रकार महासंघ र पत्रकारका अन्य संघसंगठनसंग सहकार्य गर्दै संगठन तथा पत्रकारको हकहितका लागि दृढताकासाथ काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले पत्रकारमाथि हुने दुव्र्यवहार तथा अन्याय विरुद्ध अग्रपंक्तिमा रहेर सामाना गर्न तयार रहने बताए । प्रेस मञ्च नेपाल सप्तरीका निवर्तमान उपाध्यक्ष जितेन्द्र कुमार झा जीतुको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रीय उपमहासचिव बैद्यनाथ यादव, केन्द्रीय सदस्य बृजमान तामाङ, आम सञ्चार प्राधिकरण मधेश प्रदेशका सदस्य नवीन कुमार गुप्ता, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष विनयलाल कर्ण, प्रेस सेन्टर नेपाल सप्तरीका अध्यक्ष बिन्दु कुमार यादवलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । प्रेस मञ्च नेपाल सप्तरीका सचिव प्रवेश कुमार मिश्रद्वारा संचालित कार्यक्रममा स्वागत उपाध्यक्ष रुपेश कुमार यादवले गरेका थिए । कार्यक्रममा प्रेस सेन्टरका केन्द्रीय सदस्य एवम् प्रेस स्वतन्त्रता सेनानी देवराम यादव, प्रेस मञ्च नेपालका केन्द्रीय सदस्य चन्दन कुमार यादव, नेपाल पत्रकार महासंघका केन्द्रीय परिषद सदस्य मनोज कुमार माझी, प्रेस मञ्च नेपाल सप्तरीका पूर्व सचिव विद्यानन्द रामलगायतका विभिन्न सञ्चार माध्यममा आबद्ध पत्रकारहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरुलाई केन्द्रीय उपमहासचिव यादवले शपथ ग्रहण तथा नेता झाले प्रमाणपत्र प्रदान गरि पदस्थापना गराएका थिए ।

# भारतबाट तस्करी गरी ल्याइएका कुखुराका चल्ला नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल, नेपाल पर्साले छिमेकी मुलुक भारतबाट चोरी–पैठारी गरी ल्याइएका प्रतिबन्धित ब्रोइलर जातका कुखुराका ७ हजार ५०० वटा चल्ला बरामद गरी नष्ट गरेको छ । सशस्त्र प्रहरी बलको गस्ती टोलीले बहुदरमाई नगरपालिका–५ स्थित डकैला चोकमा भारतबाट नेपाल ल्याउँदै गरेका तीन वटा भारतीय नम्बर प्लेट भएका मोटरसाइकल रोकी जाँच गर्दा ७५ कार्टनमा राखिएका कुल ७ हजार ५०० गोटा कुखुराका चल्ला फेला परेको हो । ती चल्ला सवारीमा लोड गरी चोरी पैठारी गर्दै नेपाल भित्र्याउने प्रयास भइरहेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट थाहा भएको छ । सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी देवेन्द्रबहादुर सिंहका अनुसार बरामद चल्ला पशु सेवा विभागले प्रतिबन्ध लगाएको ब्रोइलर जातको भएको पुष्टि भएपछि क्वारेन्टाइन कार्यालयका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि तथा सञ्चारकर्मीको उपस्थितिमा तत्काल नष्ट गरिएको हो । 'नियमविपरीत चोरी–पैठारी गरिएका कुखुराका चल्ला सार्वजनिक स्वास्थ्य र पशुपंक्षी सुरक्षाको दृष्टिकोणले समेत उच्च जोखिमपूर्ण भएकाले नष्ट गरिएको हो', सिंहले भने । उक्त घटनामा प्रयोग गरिएका तीनवटा मोटरसाइकललाई आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउनका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको पनि प्रहरीले जनाएको छ । पछिल्लो समय भारतबाट कुखुरा तथा कुखुराजन्य वस्तुहरुको चोरी पैठारी बढ्दै गएको भन्दै सशस्त्र प्रहरी बलले सीमावर्ती क्षेत्रमा निगरानी कडा बनाएको छ । प्रहरीले सीमावर्ती क्षेत्र भएर हुने अवैध व्यापार रोक्न नियमित गस्ती, सूचना संकलन र नियन्त्रण कारबाहीलाई अझ सशक्त बनाउने जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन